ISSN 2631-2336
© Journal of Education Research and Innovation
Vol.4 No.1 (2024)

# पाठ्यक्रमको उपयोगका सम्बन्धमा नेपाली भाषा शिक्षकका दृष्टिकोण

**लक्ष्मीप्रसाद आचार्य**
**उपप्राध्यापक, मध्यपश्चिम विश्वविद्यालय, सुर्खेत**
**acharya111laxmi@gmail.com**

**लेखसार**

*प्रस्तुत अध्ययनमा नेपाली भाषा शिक्षणका क्रममा पाठ्यक्रमको प्रयोग सन्दर्भमा शिक्षकहरूका दृष्टिकोणलाई केलाइएको छ । नेपाली भाषा कक्षामा पाठ्यक्रम प्रयोगको अवस्थालाई विश्लेषण गर्ने उद्देश्य यसमा राखिएको छ । गुणात्मक अध्ययन ढाँचाको अवलम्बन गरिएको यस अध्ययनमा आवश्यक तथ्याङ्क सङ्कलनका लागि कक्षाको अवलोकन र शिक्षकसँग खुला अन्तर्वार्ता लिइएको छ । यसरी सङ्कलित तथ्याङ्कको अभिलेखन, सारांश पहिचान, कोड निर्माण, कोडको वर्गीकरण तथा सामूहीकरण र नतिजा पहिचानको प्रक्रिया चरणबद्ध अपनाई विश्लेषण गरिएको छ । सङ्कलित तथ्याङ्कको विश्लेषण गर्दा नेपाली भाषा शिक्षकहरू पाठ्यक्रमको औचित्य र आवश्यकताबारे सैद्धान्तिक रूपमा जानकार छन् तर व्यवहारमा प्रयोग गरेका छैनन् । विद्यालयमा पाठ्यक्रम उपलब्ध भए तापनि तिनलाई प्रयोगमा ल्याइएको छैन । यसका लागि शिक्षकमा पेसागत इमान्दारिताको परिपालनाका साथै सामयिक रूपमा पाठ्यक्रम प्रबोधीकरणको आवश्यकता देखिएको छ । पाठ्यपुस्तकमा राखिएका विषयवस्तु र अभ्यास भाषा सिकाइका लागि पर्याप्त हुने गलत विश्वासका कारण पाठ्यक्रमको उपयोग नगरिएको निष्कर्ष प्राप्त भएको छ । यस अध्ययनले शिक्षकहरूलाई पाठ्यपुस्तकमा सीमित नभई पाठ्यक्रममा आधारित शिक्षण सिकाइतर्फ अभिप्रेरित गर्ने अपेक्षा राखिएको छ ।*

**मुख्य शब्दावली:** स्तरण, पाठ्यवस्तु, कार्यान्वयन, उपलब्धि, नवप्रवर्तन, प्रबोधीकरण

## परिचय

भाषिक सिप विकासका लागि गरिने शिक्षण भाषा शिक्षण हो । यसबाट मातृभाषी तथा दोस्रो भाषाभाषी सिकारुलाई आधारभूत सिपदेखि अध्ययन अनुसन्धानमा संलग्न हुन, विभिन्न परीक्षा र प्रतिस्पर्धामा सफलता प्राप्त गर्न भाषिक सक्षमता प्रदान गरिन्छ । यसलाई भाषा प्रयोगको सक्षमता विकासका लागि गरिने योजनाबद्ध र व्यवस्थित शिक्षणका रूपमा चिनाउन सकिन्छ । यो जस्तो भाषा बोल्छ त्यसको पढाइ र लेखाइमा पनि पर्न सक्ने हुँदा सिकारुमा सुनाइ र बोलाइमा पनि शुद्धता ल्याउन, शुद्ध पढ्न र शुद्ध वा मानक भाषाको प्रयोग गर्न सक्षमता प्रदान गर्न गरिने (घोडाशैनी, सन् २०२०) व्यवस्थित प्रयास हो ।यसलाई “शिक्षण संस्थामा अध्ययन गर्नको लागि आवश्यक पर्ने विभिन्न भाषाको शिक्षण” (शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षणसम्बन्धी निर्देशिका, २०७३, पृ. १) का रूपमा चिनाउन सकिन्छ । भाषा सिकाइको समग्र योजना भाषा पाठ्यक्रम हो । यसमा भाषा शिक्षणका लक्ष्य तथा उद्देश्य निर्धारण गरी सोही अनुरूपको विषयवस्तुको छनोट गरिएको हुन्छ । उक्त विषयवस्तुका आधारमा भाषा शिक्षण सिकाइ प्रक्रिया सञ्चालन तथा मूल्याङ्कन सम्मका कार्यक्रमको समष्टि भाषा पाठ्यक्रममा प्रस्तुत गरिएको हुन्छ । भाषा पाठ्यक्रमले निर्देशन गरेको विषयवस्तुलाई समावेश गरी तयार गरिएको सामग्री भाषा पाठ्यपुस्तक हो । यसलाई पाठ्यक्रम कार्यान्वयनमा ल्याउने मुख्य सामग्रीका रूपमा लिइन्छ । समय, साधन, स्रोतका कारण भाषा पाठ्यक्रमले निर्देशन गरेको सम्पूर्ण विषयवस्तुलाई भाषा पाठ्यपुस्तकमा समेट्न नसकिने भए तापनि यसमा प्रतिनिधिमूलक विषयवस्तुमो छनोट र स्तरण गरी प्रस्तुत गरिएको हुन्छ ।

कुनै पनि तह वा कक्षाका लागि तयार पारिएको पाठ्यक्रमका प्रत्यक्ष प्रयोक्ता शिक्षक र विद्यार्थीलाई मानिन्छ । यी दुई पक्षमध्ये पाठ्यक्रम कार्यान्वयनमा शिक्षकको भूमिका अझै अधिक रहन्छ । किनकि गुणस्तरीय शिक्षाका लागि शिक्षकको व्यक्तित्व, मनोवृत्ति र जिम्मेवारी प्रमुख पक्षका रूपमा रहन्छन् (रासिद र जमान, सन् २०१८, पृ.२) । कक्षामा पाठ्यपुस्तक मुख्य सामग्रीका रूपमा रहने परम्परादेखिको शैक्षिक पद्धतिमा कतिपय शिक्षकहरू अझैसम्म पनि पाठ्यक्रमका बारेमा खासै चासो राख्दैनन् । जुनकुनै विषय र

तहका पाठ्यक्रम प्रकाशित भई सहज रूपमा वितरण पनि गरिएको देखिन्छ । इन्टरनेटको पहुँच हुने अवस्थामा ती पाठ्यक्रम सहजै प्राप्त गर्न सकिन्छ । यस किसिमको परिवेशमा विद्यालयबाट आफूलाई पाठ्यक्रम उपलब्ध नगराइएको भनेर बहानबाजी गर्ने शिक्षकहरू पनि देख्न पाइन्छ । तर यो सङ्ख्या घट्दो क्रममा छ । पछिल्लो समयमा पूर्वसेवाकालीन र सेवाकालीन तालिमका अवसर अभिवृद्धि भएपछि शिक्षण सिकाइमा पाठ्यक्रम महत्त्वपूर्ण छ भन्ने धारणा स्थापित बनेको छ । शिक्षकहरू पाठ्यक्रमको सैद्धान्तिक पक्षबारे जानकार हुने वातावरण बनेको छ । उनीहरूले शिक्षण सिकाइका क्रममा त्यसको प्रयोग के कसरी र कुन रूपमा गरेका छन् भन्ने विषय वर्तमानको अध्ययनीय सन्दर्भ हो । विभिन्न कारणले शिक्षकहरूले पाठ्यक्रमलाई उपयोग गर्न सकेका हुँदैनन् । कतिपय शिक्षकले उपयोग गरे तापनि त्यसको तौरतरिका नमिलेको हुन सक्छ । यस किसिमका अवस्थाको वस्तुगत तथ्य हासिल गर्नका लागि शिक्षहरूसँग गहिरो छलफल, संवाद तथा कुराकानी आवश्यक रहन्छ । कक्षा अवलोकन वा अन्य उपायबाट शिक्षकले पाठ्यक्रम उपयोग गरे नगरेको सामान्य जानकारी प्राप्त गर्न सकिन्छ । यसको वास्तविक निष्कर्ष पहिल्याउनका लागि उनीहरूका धारणा, शिक्षणका लागि गरेको तयारी तथा अन्य विवरणको अध्ययन गरिनु पर्छ । शिक्षण सिकाइमा सहभागी शिक्षकहरूले पाठ्यक्रम महत्त्व, प्रयोगको अवस्था, समस्या र उपायको स्पष्ट मार्गदर्शन गर्न सक्छन् । यही विचारमा आधारित भई नेपाली भाषा शिक्षकहरूका पाठ्यक्रम प्रयोग सम्बन्धि दृष्टिकोणलाई अध्ययनीय विषय बनाइएको छ ।

यस अध्ययनमा नेपाली भाषा शिक्षण सिकाइलाई पाठ्यक्रममा आधारित गराइने अवस्थाको विश्लेषण गरिएको छ । शिक्षण सिकाइका क्रममा पाठ्यपुस्तकमा मात्र सीमित नभई शिक्षकहरूबाट पाठ्यक्रमको महत्त्व, व्यापकता र उद्देश्यलाई समेट्ने अवस्थाको विश्लेषणमा यो अध्ययन आधारित छ । यसमा सहभागी शिक्षकका विचारको अध्ययन विश्लेषण गरी नेपाली भाषा शिक्षणका क्रममा पाठ्यक्रमको सहज र नियमित प्रयोग गर्ने उपाय प्रस्तुत गर्ने उद्देश्यको केन्द्रित छ । यसमा पाठ्यक्रम उपयोगका तौरतरिका, त्यसका आधारमा विद्यार्थीमा ज्ञान सिपको विकास गराउने प्रक्रियाका बारेमा वस्तुगत नतिजा र निष्कर्ष प्रस्तुत गरिएका छन् । यसले शिक्षण सिकाइका क्रममा पाठ्यक्रम प्रयोग गर्ने अवस्थाको सिर्जना गर्न, यसका लागि सहज उपाय, आवश्यक सामग्री तथा वातावरण निर्माणका तौरतरिकाको खोजी तिनलाई अपनाउन शिक्षकहरूलाई मार्गदर्शन गरेको छ । यो अध्ययन भाषा सिकाइलाई उद्देश्यमूलक बनाउन सान्दर्भिक रूपमा भाषा शिक्षणका लागि भाषा पाठ्यक्रमको आवश्यकता तथा अपरिहार्यतालाई तथ्यका आधारमा प्रस्तुत गर्ने सन्दर्भमा केन्द्रित रहेको छ ।

**सैद्धान्तिक पर्याधार**

पाठ्यक्रम शिक्षण सिकाइको योजना हो । यसका लक्ष्य हासिल गर्न पाठ्यसामग्री, शिक्षण प्रक्रिया, मूल्याङ्कन प्रक्रियालाई क्रमबद्ध र निरन्तर हुने गरी यसको निर्माण गरिएको हुन्छ । यसमा सामान्य र विशिष्ट उद्देश्य निर्धारण गरी तिनलाई प्राप्त गर्ने साधन स्रोत र उपायको प्रस्तुति रहन्छ । भाषा पाठ्यक्रम कार्यान्वयनमा ल्याउन सहज बनाउने साधनका रूपमा पाठ्यपुस्तक रहन्छ । पाठ्यक्रम समग्र शैक्षिक योजना हो । बबिट (सन् १९१८, पृ. ४३) ले व्यक्तिमा क्षमताहरूको विकासका लागि निर्देशित र अनिर्देशित दुवै रूपमा प्रस्तुत अनुभवहरूको समग्र क्षेत्रलाई पाठ्यक्रम मानेका छन् । पाठ्यक्रममा विद्यार्थीको सर्वाङ्गीण विकासका लागि योजना प्रत्यक्ष अप्रत्यक्ष रूपमा प्रस्तुत गरिएको हुन्छ । फिनेक्स (सन् १९६२) ले शैक्षणिक कार्यका लागि निर्धारित विषयवस्तु वा पाठ्यवस्तुको सँगालोलाई पाठ्यक्रमका रूपमा चिनाएका छन् । यसलाई शिक्षक विद्यार्थीबिच कार्यान्वयनमा ल्याइन्छ । लुनेन्वर्ग (सन् २०११) ले पाठ्यक्रमलाई विषयवस्तु, सिकाइ अनुभव, सिकाइको लक्ष्य, शैक्षणिक योजना, अप्राविधिक पद्धतिका रूपमा चर्चा गरेका छन् । यसमा भाषा सिकाइका लक्ष्य, त्यसका लागि स्पष्ट योजना र शिक्षण सिकाइका पद्धतिहरू समावेश गरिएको हुन्छ । टायलर (सन् १९५७, पृ. ३६४) का अनुसार व्यक्तिलाई आवश्यक सबै प्रकृतिका सिकाइ अनुभवहरू विद्यालयमा शैक्षिक लक्ष्यका रूपमा हासिल गरिन्छन् । उनले ज्ञानको विस्तृत स्वरूपमा पाठ्यक्रमलाई चिनाउँदै शिक्षण सिकाइका माध्यमबाट सिकारुमा शैक्षिक अनुभवको विकास गर्ने आधारका रूपमा प्रस्तुत गरेका छन् । इन्डियाना डिपार्टमेन्ट अफ एजुकेसन (सन् २०१०) का विचारमा पाठ्यक्रम भनेको शैक्षणिक उद्देश्यहरू प्राप्तिको मूल्याङ्कनका लागि विषयवस्तु, सामग्री, साधनस्रोत र प्रक्रियाहरूसँग विद्यार्थीको योजनाबद्ध अन्तरक्रिया हो । पाठ्यक्रममा लक्ष्य, पाठ्यविषय, त्यसलाई कार्यान्वयमा लैजाने प्रक्रिया तथा साधन स्रोतको व्यवस्थित योजनाका रूपमा लिइएको छ ।

शैक्षिक प्रणालीमा पाठ्यक्रम कार्यान्वयनमा पक्ष महत्त्वपूर्ण रहन्छ । नेअरी (सन् २००३) ले पाठ्यक्रमलाई प्रक्रिया र उत्पादनका रूपमा लिई विषयवस्तु शिक्षकसँग सम्बन्धित हुने र समाज र जीवनोपयोगी दक्षता विद्यार्थीसँग सम्बन्धित हुने अर्थमा पाठ्यक्रमलाई प्रस्तुत गरेका छन् । यसलाई कक्षाकार्यकलापका रूपमा कार्यान्वयमा ल्याइन्छ । शिक्षण सामग्री, पाठ्यपुस्तक, अभ्यास पुस्तिका तथा सहायक पुस्तक यसलाई कार्यान्वयनमा ल्याउने साधन हुन् । विद्यालयमा शिक्षकहरूले पाठ्यपुस्तकलाई नै पाठ्यक्रमको मुख्य साधनका रूपमा लिनाका साथै विकल्पका रूपमा समेत लिने गरेको अवस्थामा माथि चर्चा गरिएअनुसार पाठ्यक्रमका कार्यान्वयनको अवस्थालाई विश्लेषण गर्न उपयुक्त रहन्छ । यस अध्ययनमा पाठ्यक्रमको उपलब्धता, प्रयोगावस्था, आवश्यकता, प्रयोगका समस्या र प्रभावकारी प्रयोगमा ल्याउन उपायका आधारमा पाठ्यक्रमको उपयोगबारे विश्लेषण गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन भाषा शिक्षणमा पाठ्यक्रमको प्रयोगावस्था, प्रयोगको पद्धति र पाठ्यक्रमको प्रयोगका उपाय खोजी गर्ने कुरामा केन्द्रित छ । यसलाई गुणात्मक ढाँचा अन्तर्गत वर्णानात्मक विधिमा आधारित अध्ययनका रूपमा प्रस्तुत गरिएको छ । यसमा नमुना निर्धारण, तथ्याङ्क सङ्कलनदेखि निष्कर्षण र प्रस्तुतीकरणसम्मका कार्यमा गुणात्मक अध्ययनका पद्धतिगत मान्यता उपयोगमा ल्याइएको छ ।

गुणात्मक अध्ययनमा नमुनाका आकार सानो उपयुक्त मानिन्छ । डोर्नाइ (सन् २००७) ले अन्तर्वार्तालाई तथ्याङ्क सङ्कलनको मुख्य साधन बनाइएको अनुसन्धानमा ६ देखि १० जनासम्मको नमुना उपयुक्त हुने सुझाव दिएका छन् । क्रेसबेल (सन् २०१३) ले न्यारेटिभ अध्ययनमा एक वा दुई, फेनोमेनालोजीमा तीनदेखि दश, ग्राउन्डेड थ्यौरीमा बिसदेखि तिस, इत्थोग्राफिक र मामला अध्ययनमा चारदेखि पाँचजना सम्म व्यक्ति वा तिनका कार्यकलापको नमुना (पृ.७७) सान्दर्भिक हुने धारणा राखेका छन् । गुणात्मक अध्ययनको क्षेत्र निश्चित र सानो दायराको हुने कुराको आधारमा रही यस अध्ययनमा दैलेख जिल्लाको गुराँस गाउँपालिकाका पाँचओटा विद्यालयलाई अध्ययन क्षेत्रका रूपमा लिइएको छ । ती विद्यालयमा माध्यमिक र आधारभूत तहमा नेपाली विषय अध्यापन गर्ने जम्मा १० जना शिक्षकलाई सहभागी बनाइएको छ । व्याख्या, विश्लेषण तथा छलफलका क्रममा तिनका विचारलाई शिक्षक १, शिक्षक २ ... शिक्षक १० भनेर सङ्केतका रूपमा प्रस्तुत गरिएको छ । गुणात्मक अध्ययनमा तथ्याङ्क सङ्कलनका लागि अवलोकन, खुला तथा असंरचित अन्तर्वार्ता, लक्षित समूह छलफललाई मुख्य तरिका मानिए अनुसार यस अध्ययनमा कक्षा अवलोकन र अन्तर्वार्ताको उपयोग गरिएको छ । यसमा सहभागीले गरेका एकएक ओटा कक्षाको प्रत्यक्ष अवलोकन गरी त्यसका आधार पाठ्यक्रमको प्रयोगका सम्बन्धमा धारणा लिइएको छ । तथ्याङ्क सङ्कलनका लागि कक्षा अवलोकनमा फिल्ड नोटको र अन्तर्वार्ताका क्रममा श्रव्य रेकर्ड गरिएको छ । यसका आधारमा प्राप्त तथ्याङ्कलाई विश्लेषणका लागि अभिलेखन, कोड निर्धारण, कोडको सामूहीकरण तथा वर्गीकरण र निष्कर्ष खोजी गरी तथ्याङ्कको तथ्याङ्क विश्लेषण गर्ने उपायलाई चरणबद्ध अपनाइएको छ । यसरी प्राप्त नतिजालाई पूर्वअध्यनका सार, स्थापित मानदण्ड, विद्वानहरूका कथनका आधारमा छलफलको आयोजना गरी निष्कर्ष निकालिएको छ ।

## व्याख्या विश्लेषण

प्रस्तुत अध्ययनमा कक्षा कार्यकलापमा उपयोग गरिएको पद्धति र भाषा पाठ्यक्रम उपयोगका सम्बन्धमा शिक्षकहरूका दृष्टिकोणलाई केलाइएको छ । भाषा शिक्षण सिकाइका क्रममा पाठ्यक्रमको उपयोग गरे नगरेको वा के कसरी गरिएको छ भन्ने विषयलाई अवलोकन र छलफलको विषय बनाई प्राप्त सूचनाका आधारमा त्यसको निष्कर्ष निकालिएको छ । यस क्रममा सहभागी शिक्षकका विचारलाई पाठ्यक्रमको उपलब्धता, यसको प्रयोग, आवश्यकता, पाठ्यक्रम प्रयोगका उपाय तथा समस्या लगायतका विषयक्षेत्रमा व्याख्या विश्लेषण गरिएको छ ।

### *पाठ्यक्रमको उपलब्धता*

अध्ययनमा विद्यालयमा पाठ्यक्रम उपलब्ध भए नभएको अवस्थाको खोजी गरिएको छ । कक्षा अवलोकनका क्रममा विद्यालयमा अधिकांश तह र कक्षाका पाठ्यक्रम उपलब्ध छन् । विद्यालय प्रशासनले छापिएका प्रतिहरू खरिद गरेर विद्यालयमा ल्याउने गरेको छ । यसका साथै इन्टरनेटको पहुँच सबै विद्यालयमा छ । त्यसबाट पनि पाठ्यक्रम सजिलै प्राप्त गर्न सकिन्छ । कक्षा अवलोकनका क्रममा भने पाठ्यपुस्तकमा

समावेश गरिएका पाठको विषयवस्तु र अभ्यासमा आधारित छलफल मात्र गराइएको छ । पाठ्यक्रमले तोकेको विषयवस्तु पाठ्यपुस्तकमा हुनाले कक्षामा पाठ्यक्रमको प्रयोग नै भएन भन्ने अवस्था छैन तर यस अध्ययनमा भाषा पाठ्युस्तकको सीमाबाट व्यापक भई भाषा पाठ्यक्रमको प्रयोग हुने नहुने अवस्थाको खोजी गरिएको छ । अन्तर्वार्ताका क्रममा सहभागी शिक्षकहरूले विद्यालयमा पाठ्यक्रम उपलब्ध हुने धारणा राखेका छन् । उनीहरूका अनुसार विद्यालयले सबै तहका पाठ्यक्रमको व्यवस्था गरेको छ । शिक्षक ५ र शिक्षक ९ ले भने विद्यालयमा पाठ्यक्रम नभएको, प्रशासनले उपलब्ध नगराएको भनेर प्रतिक्रिया जनाएका छन् । विद्यालयमा इन्टरनेटको पहुँच पनि भएकाले शिक्षक आफैंले पनि मोवाइलमार्फत हेर्न, डाउनलोड गर्न सकिन्छ । एकजना शिक्षकको भनाइ अपवादका रूपमा देखिए तापनि सबै तह र कक्षाका पाठ्यक्रम विद्यालयमा उपलब्ध रहेको ठहर्छ ।

यस अध्ययनमा अवलोकन गरिएका सबै विद्यालयमा पाठ्यक्रम प्राप्त हुने वातावरण निर्माण गरिएको पाइएको छ । तिनलाई प्रयोग गर्ने नगर्ने कुरा भने सम्बन्धित शिक्षकमा निर्भर रहेको देखिन्छ । सबै विद्यालयहरूले सबै विषयका पाठ्यक्रम खरिद गर्ने व्यवस्था पनि मिलाएका छन् । सबै शिक्षकहरूका हातहातमा स्मार्ट फोन छ । सबै विद्यालयमा इन्टरनेटको व्यवस्था पनि गरिएको छ । तर अधिकांश शिक्षकहरू पाठ्यक्रमलाई महत्त्व दिएका देखिँदैनन् । उनीहरू विद्यालयबाट आफूलाई पाठ्यक्रम उपलब्ध नगराइएको, इन्टरनेटबाट डाउनलोड गर्न नजानेको गुनासो समेत गर्न पछि परेका छैनन् । यसबाट विद्यालयले पाठ्यक्रम उपलब्ध हुने वातावरण निर्माण गरे तापनि शिक्षकहरूसँग आफूले पढाउनु पर्ने विषयको पाठ्यक्रम नभएको ठहर्छ ।

***पाठ्यक्रमको प्रयोग***

विद्यालयमा इन्टरनेटको पहुँच हुनु, त्यसमा पाठ्यक्रम सहजै पाइनु र विद्यालय प्रशासनबाट छापिएको कपी पनि ल्याउनुबाट पाठ्यक्रमको सहज उपलब्धता रहेको छ । कतिपय शिक्षकहरू विद्यालयबाट पाठ्यक्रम उपलब्ध नगराइएको भनिरहेका छन् । यस किसिमको भनाइले शिक्षण सिकाइमा पाठ्यक्रमको प्रयोगको अवस्था कमजोर रहेको अवस्थालाई सङ्केत गर्छ । कक्षा अवलोकनमा पाठ्यक्रम प्रयोग भए नभएको खुल्न सकेको छैन । अन्तर्वार्ताका क्रममा सहभागी शिक्षकहरूमध्ये कतिपयले कहिलेकसो प्रयोग गर्ने बताएका छन् भने अधिकांशले प्रयोग नगरिने जनाएका छन् । उनीहरूका अनुसार पाठ्यपुस्तकमा राखिएको विषयवस्तुबारे छलफल गराउन समय ठिक्क हुन्छ भने त्यसको अतिरिक्त विषयवस्तु छलफल गराउन सकिएको छैन । हामी अधिकांश शिक्षकहरू पाठ्यक्रमको महत्त्वलाई सैद्धान्तिक रूपमा बुझेका छन् तर यसको प्रयोग प्रक्रियाबारे पनि प्रस्ट छैनन् । “कति वर्ष पढाइयो, पाठ्यपुस्तकले पुगेकै छ । शिक्षक निर्देशिका भने हेर्ने गरिएको छ भने पाठ्यक्रमको खास वास्ता गरिँदैन” (शिक्षक ७) भन्ने धारणाले पाठ्यक्रमको उपयोगको अवस्था बलियो नभएको स्पष्ट हुन्छ ।

कतिपय शिक्षकहहरूले कहिलेकाहीँ पाठ्यक्रममा विषयवस्तु केकसरी राखिएको छ भनेर हेरिने भए तापनि यसलाई नगन्य मात्रामा प्रयोग गरिने विचार राखेका छन् । पाठ्यक्रम उपलब्ध भएर पनि प्रयोग नहुनुमा विभिन्न कारण देख्न सकिन्छ । शिक्षकका धारणामा कक्षा शिक्षणमा “पाठ्यक्रमको प्रयोग झन्झटिलो हुनु, सिकाइका लागि पाठ्यपुस्तक पर्याप्त ठानिनु, शिक्षकमा जाँगर नहुनु, प्रयोग तरिकाबारे अस्पष्ट हुनु” (शिक्षक १; शिक्षक ४; शिक्षक ५; शिक्षक ९; शिक्षक १०) जस्ता कारण दर्शाइएका छन् । यसरी पाठ्यक्रमका आवश्यकता, महत्त्व र व्यापकताबारे सैद्धान्तिक रूपमा जानकार शिक्षकहरू व्यावहारिक रूपमा कमजोर र अल्छीपना दुवैबाट गाँजिएको नतिजा निकाल्न सकिन्छ ।

***पाठ्यक्रमको आवश्यकता***

शिक्षण सिकाइमा पाठ्यक्रमका उद्देश्य हासिल गर्ने लक्ष्य राखिन्छ । पाठ्यपुस्तकमा मात्र सीमित हुँदा पाठ्यक्रमका लक्ष्य हासिल हुँदैनन् । भाषा शिक्षण सिकाइको यो वास्तविकतालाई सहभागी शिक्षकहरूले व्यावहारिक रूपमा बुझेका देखिएनन् । पाठ्यपुस्तक पाठ्यक्रमलाई कार्यान्वयनमा ल्याउन सजिलो बनाउने सहयोगी साधन मात्र हो भन्ने कुरा बुझेर पनि शिक्षकहरू त्यसबाट माथि उठ्न सकेका छैनन् । उनीहरूका अनुसार शिक्षण प्रक्रियामा पाठ्यक्रम आवश्यक छ । यसले सम्बन्धित तह वा कक्षामा के कति सिकाउने भन्ने कुरा समेटेको हुन्छ तर “पाठ्यपुस्तक जस्तो सजिलो र भरपर्दो साधन सजिलै उपलब्ध हुने अवस्थामा पाठ्यक्रमको आवश्यकता नपर्ने” (शिक्षक २; शिक्षक ३; शिक्षक ६; शिक्षक ९) गलत बुझाइ आफूहरूमा हावी भएको हो । यसबाट शिक्षकलाई पाठ्यक्रमभन्दा शिक्षक निर्देशिका उपयोगी लागेको छ । पाठ्यक्रमलाई बेलाबेलामा पढ्ने सोअनुसार कक्षा सञ्चालन गर्ने प्रयत्न गरिए बताए तापनि त्यसको स्पष्ट आधार भने पाइएन ।

"विद्यालयमा पाठ्यक्रम त छ तर कता पो छ त्यति ख्याल गरिएको छैन" (शिक्षक ४; शिक्षक ६; शिक्षक ९; शिक्षक १०) भन्ने कथनले शिक्षकहरूलाई पाठ्यक्रमको आवश्यकता नपरेको देखिन्छ ।

सहभागीका उपर्युक्त धारणाले पाठ्यक्रमको आवश्यकतालाई कम आँकलन गरिएको ठहर्छ । यसलाई ऐच्छिक सामग्रीका रूपमा लिने, यसको बेवास्ता गर्ने, पाठ्यक्रमले तोकेका विषयक्षेत्रमा नभई पाठ्यपुस्तकमा राखिएका विषयवस्तुमा केन्द्रित बन्ने, पाठ्यक्रमका क्षेत्र र सीमामा रही पठनपाठनको प्रक्रिया सञ्चालन नगर्ने परिपाटी रहेको स्पष्ट हुन्छ ।

***पाठ्यक्रम प्रयोगका समस्या***

पाठ्यक्रमको आवश्यकता बुझेर पनि प्रयोगमा नल्याइनुका कारणको खोजी यस अध्ययनमा गरिएको छ । कक्षा अवलोकनमा यस सम्बन्धी सूचना प्राप्त नगरिए तापनि अन्तर्वार्ताका क्रममा सहभागी शिक्षकहरूले पाठ्यक्रम प्रयोगमा व्यावहारिक प्रकृतिका समस्या औँल्याएका छन् । उनीहरूका अनुसार विद्यालयमा पाठ्यक्रमको वास्ता गरिँदैन, अफिस वा पुस्तकालयमा ल्याइएका पाठ्यक्रमका किताबमा धुलो जमेको होला (शिक्षक २; शिक्षक ७) । विद्यालय प्रशासनले त्यसलाई दराज वा पुस्तकालय कोठामा राखेको हुन्छ (शिक्षक १; शिक्षक ४; शिक्षक ९) । पाठ्यपुस्तक भए पुग्छ भन्ने गलत सोच संस्कारका रूपमा स्थापित भएको छ । शिक्षकहरूलाई पाठ्यक्रमको क्षेत्र र व्यापकताबारे स्पष्ट जानकारी छैन । पाठ्यक्रम कार्यान्वयन गर्न आवश्यक स्रोत सामग्री प्राप्य छैनन् भन्ने सोच सबै शिक्षकमा व्याप्त छ । पाठ्यक्रम प्रयोग सम्बन्धमा आवश्यक तालिम, प्रबोधीकरणका अवसर पनि मिल्दैनन् । पाठ्यवस्तु र सिप सिकाइमा सन्तुलन मिलाउन पनि सकिँदैन । उक्त क्रममा विद्यार्थीका संज्ञानात्मक आवश्यकताको बोध गर्ने ज्ञान सिप पनि छैन ।

सहभागीहरूका उल्लिखित भनाइलाई केलाउँदा शिक्षकहरू पाठ्यक्रम कार्यान्वयनका सम्बन्धमा समस्यै समस्या देख्छन् । उपलब्ध स्रोत साधनको उपयोग गरी पाठ्यक्रमलाई सकेजति, जानेजति शिक्षण कार्यकलापमा समेट्न स्वयं शिक्षककै सोच र जाँगर मुख्य समस्या बनेको पाइएको छ । उनीहरूले पाठ्यपुस्तक उपलब्ध भएको खण्डमा पाठ्यक्रम प्रयोग गर्ने विषयमा मतलब पनि नराखेको पनि देखियो ।

***पाठ्यक्रम प्रयोगका उपाय***

सहभागी शिक्षकहरूसँग विद्यालयमा सहजै उपलब्ध हुने पाठ्यक्रम प्रयोग नहुनुका कारणबारे छलफल गर्दै यसलाई नियमित प्रयोगमा ल्याउन अपनाउनु पर्ने उपायबारे धारणा लिइएको छ । उनीहरू शिक्षण सिकाइका क्रममा पाठ्यपुस्तक उपलब्ध भएको खण्डमा पाठ्यक्रमको प्रयोग गर्न जरुरी पनि देख्दैनन् । यद्यपि पाठ्यक्रम प्रयोगका समस्याहरू समाधानका उपायबारे आफ्ना धारणा भने राखेका छन् । उनीहरूका अनुसार शिक्षकलाई पाठ्यक्रम कार्यान्वयनमा ल्याउने सहज उपाय सिकाउनु पर्छ (शिक्षक ३; शिक्षक ५) । यसका लागि पाठ्यक्रम प्रबोधीकरण तालिम र आवश्यकीय स्रोतसाधन जुटाउन सहयोग पुऱ्याउनु नै हो (शिक्षक १; शिक्षक ४; शिक्षक ६) । पाठ्यक्रम आवश्यक छ भन्ने कुरा सैद्धान्तिक रूपमा जानकार शिक्षकले यसलाई वास्ता नगर्नुको पहिलो कारण यसको प्रयोग गर्न नजान्नु वा महत्त्व नबुझ्नु नै हो । पाठ्यक्रम प्रयोग सम्बन्धी तालिम, कार्यशालाहरूको सञ्चालन गर्न आवश्यक छ (शिक्षक ३; शिक्षक ४; शिक्षक ६; शिक्षक ९; शिक्षक १०) । यसको व्यापकता, कार्यान्वयनका सरल प्रक्रियाबारे प्रस्ट पार्न नसकेरै प्रयोगमा नल्याइएको कुरा सम्बन्धित पक्षले बुझ्नुपर्छ । कक्षामा पुस्तक नभई पाठ्यक्रम पनि लिइनु पर्ने, विद्यार्थीलाई पनि यसबारे जनकार गराउनु पर्ने देखिन्छ (शिक्षक २; शिक्षक ३; शिक्षक ९) । यसैगरी पाठ्यक्रम कार्यान्वयनमा आवश्यक शिक्षण सामग्रीको पनि व्यवस्था गरिएको हुनुपर्छ । मूल्याङ्कन प्रणालीलाई पनि सुधार (शिक्षक ७; शिक्षक ८; शिक्षक ९) गरी शिक्षण सिकाइ प्रक्रियालाई पाठ्यक्रममा आधारित बनाउन जरुरी छ ।

सहभागीहरूले पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याको क्रमशः निराकरण गर्दै जाने हो भने यसको प्रयोग गर्ने परिपाटी निर्माण हुँदै जाने बिश्वास गरेका छन् । उनीहरूबाट पाठ्यक्रमप्रतिको धारणामा परिवर्तन, यसको प्रयोग गर्ने वातावरण, त्यसका लागि क्षमता विकासको अवसर र आवश्यक स्रोत साधनको व्यवस्था गर्नुपर्ने कुरा औँल्याइएको छ ।

***छलफल***

प्रस्तुत अध्ययनमा नेपाली भाषा विषय शिक्षणका क्रममा पाठ्यक्रमको प्रयोगको अवस्थालाई कक्षा अवलोकन र शिक्षकहरूका धारणाका आधारमा केलाइएको छ । सहभागीबाट शिक्षणमा पाठ्यक्रमको प्रयोगको

अवस्था, पाठ्यक्रमको आवश्यकता तथा महत्त्व, पाठ्यक्रमको उपलब्धता, शिक्षण सिकाइमा पाठ्यक्रम प्रयोगका समस्या, पाठ्यक्रम प्रयोगका उपायबारे सहभागीका दृष्टिकोण प्राप्त भएका छन् । ती दृष्टिकोणलाई समेटेर शिक्षण सिकाइमा पाठ्यक्रमको महत्त्व, पाठ्यक्रम उपयोग, मूल्याङ्कन प्रणाली, पाठ्यपुस्तकप्रतिको निर्भरता, पाठ्यक्रम प्रयोगका सैद्धान्तिक तथा व्यावहारिक ज्ञान, पाठ्यक्रम उपयोगमा नीतिगत सुधारका सम्बन्धमा छलफलको आयोजना गरिएको छ । सहभागी शिक्षकहरूका विचारबाट प्राप्त नतिजालाई पूर्वअध्येताबाट गरिएका अध्ययनका निष्कर्ष, पाठ्यक्रम प्रयोगका सैद्धान्तिक मान्यताका आधारमा गरिएको छलफलबाट निष्कर्ष पहिल्याइएको छ ।

***पाठ्यक्रमको महत्त्व***

पाठ्यक्रम कार्यान्वयनमा ल्याउने मुख्य पक्ष शिक्षकहरू हुन् । उनीहरूको यसप्रतिको धारणाले यसको कार्यान्वयनको अवस्था स्पष्ट हुन्छ । उनीहरू यसको महत्त्वका सम्बन्धमा स्पष्ट नहुनु, यसलाई आवश्यकीय नठान्नु नेपाली भाषा शिक्षणमा पाठ्यक्रम प्रयोगमा नआउनुको मुख्य विषय बनेको छ । शिक्षकहरूमा यस किसिमको धारणा निर्माण हुनाका विभिन्न कारण देखिन्छन् । उनीहरूलाई यसको महत्त्वलाई व्यावहारिक रूपमा प्रस्ट्याउँने कार्य कहीँकतैबाट भएको छैन । शटस र पिटरसन (सन् १९९४, पृ. १३) का अनुसार पाठ्यपुस्तकले पाठ्यक्रमको स्थान लिन नसक्ने, पाठ्यपुस्तकले पाठ्यक्रमको अनुपस्थितिमा समग्र शिक्षणीय विषयवस्तु, सामग्री, शिक्षणका विधि, प्रक्रिया, व्यवस्थित सिकाइ पद्धतिको निर्देशन सम्भव हुँदैन । ओकिबुकोला (सन् २००५) ले अपर्याप्त शिक्षण सामग्री, अपर्याप्त कोष, अव्यवस्थित पाठ्यक्रम, शिक्षकको अधिक कार्यबोझ, पर्याप्त सुपरीवेक्षण, प्रोत्साहनको अभाव, अयोग्य शिक्षक जस्ता कारणलाई पाठ्यक्रमको महत्त्व कमजोर हुनाको मुख्य कारण बताएका छन् । चौधरी (सन् २०१५, पृ.९८४) ले विद्यार्थीको मनोभाव, स्रोत सामग्री र सुबिधा, शिक्षक, विद्यालयको वातावरण, शैक्षिक सुपरीवेक्षण र मूल्याङ्कन प्रक्रियालाई पाठ्यक्रम महत्त्व स्थापित हुन नसकेको निष्कर्ष निकालेका छन् । पाठ्यक्रमको गलत व्याख्या हुनु, शिक्षकबाटै यसको महत्वलाई स्विकार गर्न नसकिनु, नेपाली भाषा शिक्षणमा प्रयोग नहुनुको कारण हो । पढाउनु, सिकाउनु पर्ने सबै कुरा पाठ्यपुस्तकमा छ भन्ने सोच नै पाठ्यक्रम उपयोगको मुख्य बाधक पक्ष हो । पाठ्यक्रम विषयवस्तु भरिएको सवारी हो, यसलाई उपभोक्ता (विद्यार्थी) सम्म लैजान शिक्षकले सञ्चालन गर्ने हो (न्याबुइके, अनेकी र अटेग्बुदलु, सन् २०१६, पृ.४२) भन्ने कुरा शिक्षकहरूले बुझेका छैनन् । सबै पाठ्यपुस्तकमा नै छ भन्ने साँघुरो विश्वासले पाठ्यक्रमको स्थान कमजोर भएको छ । यसबाट पाठ्यक्रमको आवश्यकता र महत्त्व सही किसिमले प्रस्टिन सकेको छैन ।

पाठ्यक्रम कार्यान्वयनमा ल्याउनका लागि सम्बन्धित पक्षले यसको महत्व बुझेको हुनुपर्छ । पाठ्यक्रम समग्र शैक्षिक योजना भएको, यसमा भाषा सिकारुका सर्वाङ्गीण विकासका योजना निहित भएको कुरामा ख्याल पुऱ्याइनु पर्छ । यसको विकल्प पाठ्यपुस्तक वा अन्य सिकाइ सामग्री हुन नसक्ने कुरालाई विशेषतः शिक्षकले व्यावहारिक रूपमा ग्रहण गर्न आवश्यक छ । यसमा सिकाइका लक्ष्यदेखि समग्र प्रक्रियाको मूल्य निर्धारण गर्ने पद्धति समेत समेटिने भएकाले यसको महत्त्वबारे स्पष्ट हुन आवश्यक देखिन्छ ।

***पाठ्यक्रमको उपयोग***

शिक्षकहरूलाई सबै तहका पाठ्यक्रम समयमै र सहज उपलब्ध गराउनु पर्छ । शैक्षिक सत्रको सुरुमा पाठ्यक्रमको व्यवस्थाका साथै त्यसमा आधारित अन्तरक्रिया, गोष्ठी, कार्यशालाहरूको आयोजना आवश्यक छ । यस कुराको अपेक्षा सहभागी शिक्षकहरूबाट पनि राखिएको छ । यसको सान्दर्भिक अभिमुखीकरणको अभावले शिक्षकको तर्फबाट पाठ्यक्रम कार्यान्वयनमा कमजोर मनोवृत्ति निम्त्याउँछ (इफियोक, सन् २०१२, पृ. ७) । यसका साथै विद्यालय तथा शिक्षकलाई पाठ्यक्रमको सहज र प्रभावकारी कार्यान्वयनमा ल्याउन आवश्यक पर्ने साधनस्रोत उपलब्ध गराइनु पर्छ । कक्षाकोठाहरूमा शिक्षण पाटीबाहेक अन्य सामग्री राख्न सकिएको छैन । यस्तो अवस्थामा शिक्षकले पाठ्यक्रमको बृहत् पक्षलाई छाडेर यसको सानो अंश पाठ्यपुस्तकमा सीमित भएको कुरा अस्वाभाविक मान्न सकिँदैन । विद्यालय तथा कक्षाकोठाको व्यवस्थापकीय पक्ष पाठ्यक्रम कार्यान्वयन प्रमुख पक्ष मानिएको छ । यही कुरालाई जोड दिँदै ओहोन्डा र अमाडियोहा (सन् २०१८) ले शिक्षक लगायत शिक्षा क्षेत्रमा संलग्न व्यक्तित्वको व्यवस्थापकीय सिप र क्षमताका कारण नब्बे प्रतिशतभन्दा बढी पाठ्यक्रम कार्यान्वयका कारण असफल हुने (पृ.१०७) विचार प्रस्तुत गरेका छन् । पाठ्यक्रमको उपयोगमा विद्यालय र कक्षाको वातावरणको भूमिका उच्च रहेको छ । पाठ्यक्रमलाई कार्यान्वयनमा ल्याउन, यसलाई आवश्यकता अनुसार

उपयोग गर्ने क्षमता विकासका साथै अवस्था निर्माणका लागि सोहीअनुकूलको वातावरण निर्माण गरिएको खण्डमा पाठ्यक्रम उपयोगमा आउनेछ ।

पाठ्यक्रमको महत्त्व बुझेका भए तापनि त्यसलाई शिक्षकले कार्यान्वयनमा ल्याउन सक्दैनन् भने त्यस किसिमको सैद्धान्तिक ज्ञानको अर्थ रहँदैन । यसलाई सही किसिमले कार्यान्वयनमा ल्याउनका लागि विद्यालय र कक्षाकोठाको भौतिक तथा मनोवैज्ञानिक वातावरण उपर्युक्त हुन आवश्यक छ । पाठ्यक्रमले निर्धारित गरेका पाठ्यवस्तुलाई प्रस्तुत गर्न शिक्षण सामग्री, कक्षा सङ्गठन, शैक्षणिक सहयोगको अवस्था व्यवस्थित हुनुपर्छ । यसका साथै शिक्षकलाई पाठ्यक्रम कार्यान्वयन गर्ने सिप र सक्षमता प्राप्त गर्ने अवसरको समते आवश्यकता पर्दछ । शिक्षकलाई पाठ्यक्रम कार्यान्वयका लागि मानसिक, भौतिक र सक्षमतागत रूपमा तयार गराउन सकिएको खण्डमा यसको उपयोग हुने परिपाटी निर्माण हुने देखिन्छ ।

***पाठ्यपुस्तकप्रतिको निर्भरता***

पाठ्यपुस्तकमा पूर्ण निर्भर रहने शिक्षकको व्यवहार र मनोविज्ञानमा सुधार गर्नुपर्छ । पाठ्यक्रमको व्यापकता र आवश्यकतालाई व्यावहारिक रूपमा उपयोग गर्न आवश्यक छ । शिक्षा प्रणालीमा पाठ्यक्रमका माध्यमबाट समाजले तोकेको ज्ञान, सिप र मनोवृत्ति शिक्षार्थीमा सिर्जित गर्ने संयन्त्र निर्माण गरिने (न्याबुइके, अनेकी र अटेग्बुदलु, सन् २०१६, पृ.४३) कुरामा शिक्षक स्पष्ट हुन आवश्यक छ । उल्लिखित पक्षलाई पाठ्यपुस्तकले समेट्न नसक्ने भएकाले पाठ्यक्रमको व्यापकता शिक्षण सिकाइमा स्वीकार गरिनु पर्छ । सीमित साधनस्रोतका साथै पाठ्यक्रमले निर्देशन गरेका सम्पूर्ण कुराहरू पाठ्यपुस्तकमा समावेश गर्न सकिएको हुँदैन । पाठ्यक्रमलाई कार्यान्वयनमा ल्याउन सजिलो र प्रभावकारी होओस् भन्ने उद्देश्य राखेर यसको पूरक सामग्रीका रूपमा पाठ्यपुस्तकको निर्माण गरिएको हुन्छ । अधिकारी (२०७६) ले पाठ्यक्रम सिकाइ सहजीकरण र शैक्षिक तथा शैक्षणिक उपलब्धि सुनिश्चित गर्ने योजना र प्रक्रियाका रूपमा रहने कुरामा शिक्षक लगायत सम्बन्धित पक्ष स्पष्ट हुन आवश्यक रहेको दावी गरेका छन् । यसमा मात्र निर्भर रहने हो भने सिकाइ पूरा हुन सक्दैन साथै तहगत भाषिक लक्ष्य हासिल गर्न सम्भव हुँदैन । यसबाट विद्यार्थीमा भाषा सिकाइ अपूरो हुने, समसामयिक सन्दर्भ तथा विषयको ज्ञान सिप विकास गराउन नसकिने कुरामा शिक्षक स्पष्ट हुन आवश्यक छ । यसरी पाठ्यपुस्तकप्रतिको निर्भरताले मात्र विद्यार्थीको सर्वाणङ्गीण विकासका लागि पाठ्यक्रम प्रयोगमा ल्याइनु पर्छ । उपर्युक्त उपायको प्रयोग गरी शिक्षण सिकाइलाई पाठ्यपुस्तकमा सीमित गराउने, त्यसमा निर्भर रहने परिपाटीको अन्त्य गर्न आवश्यक छ ।

शिक्षण कार्यकलापमा पाठ्यपुस्तक मुख्य साधन बनाउने र त्यसैमा निर्भर रहने परिपाटीमा सुधार गर्न सकेको खण्डमा पाठ्यक्रमको आवश्यकता देखापर्छ । भाषा शिक्षण सिकाइका लागि गरिने कार्यकलाप पाठ्यपुस्तकमा नभई पाठ्यक्रममा आधारित हुनुपर्छ । यसले निर्धारण गरेका विषयको क्षेत्र र क्रमअनुसार योजनाबद्ध र व्यवस्थित रूपमा सञ्चालन गरिनु पर्छ । पाठ्यपुस्तकविना कक्षामा जाने र पाठ्यक्रमबारे विद्यार्थीलाई समेत स्पष्ट बनाउन आवश्यक छ । सिकाइको साधनलाई आवश्यक परेको वेला मात्र उपयोगमा ल्याउने हो भन्ने कुरा पाठ्यपुस्तकका सन्दर्भमा पनि लागु हुनुपर्छ ।

***मूल्याङ्कन प्रणाली***

पाठ्यक्रम प्रयोगमा ल्याउने अवस्थाको सिर्जनाका लागि विद्यमान परीक्षा तथा मूल्याङ्कन प्रणालीमा सुधार आवश्यक छ । परीक्षामा सोधिने प्रश्न तथा समस्या पाठ्यपुस्तकबाट लिइने पद्धतिमा सुधार गर्नुपर्छ । पाठ्यक्रमले अपेक्षा गरेका विषयक्षेत्र, व्यापकता र आवश्यकताको पहिचान गरी मूल्याङ्कन प्रणालीको निर्माण गरिनु पर्छ (पौड्याल, २०७९) । मूल्याङ्कनको मुख्य आधार पाठ्पुस्तकलाई मान्ने अवस्थाले गर्दा पाठ्यक्रम उपयोग गर्नुपर्ने कुरा कमजोर बनेको देखिन्छ । यसबाट पाठ्यपुस्तकका अभ्यासलाई घोकेर परीक्षामा सफलता हासिल गर्ने अवस्था रहे तापनि सम्बन्धित तह पार गरेको सिकारुमा तहअनुसारको ज्ञान सिपको विकास हुन सक्दैन । पाठ्यपुस्तकभित्रको विषयवस्तुमा आधारित सीमित तयारी गरे परीक्षामा सफल भइन्छ भन्ने विश्वासका कारण शिक्षक र विद्यार्थीले सजिलो उपाय अपनाएका हुन् । यसर्थ परीक्षा तथा मूल्याङ्कन पाठ्यक्रममा आधारित बनाउने, यसलाई व्यापक तुल्याउनका साथै वस्तुगत र विश्वसनीय बनाउन आवश्यक सुधार गरिनु पर्ने देखिन्छ । यसबाट भाषा सिक्ने र सिकाउने दुवै पक्ष पाठ्यक्रमको व्यापक विषयवस्तुमा आधारित अभ्यास गर्ने अवस्थाको सिर्जना सम्भव देखिन्छ । यसरी पाठ्यपुस्तकमा आधारित विद्यमान मूल्याङ्कन प्रणालीमा सुधार गरी पाठ्यक्रममा आधारित गराउन आवश्यक देखिन्छ ।

भाषिक मूल्याङ्कन सिर्जनशीलतामा आधारित हुनुपर्छ । यसमा पाठ्यक्रमले तोकेका विषयवस्तुको क्षेत्रमा आधारित विश्वसनीयता र वैधता कायम गरिनु पर्छ । परीक्षा लगायत मूल्याङ्कनका साधनलाई पाठ्यक्रमको मर्मअनुरूप व्यापक बनाइनुपर्छ । यसक्रममा लिखित तथा मौखिक रूपमा गरिने कार्यकलापले पाठ्यक्रमले निर्देशन गरेका विषयक्षेत्रलाई समेट्न सकेको हुनुपर्छ । व्यावहारिक जीवनमा प्रयुक्त भाषिक संरचनालाई आधार बनाउने, सिर्जनात्मक उत्पादनशीलतालाई मूल्याङ्कनको आधार बनाउने गरेको खण्डमा पाठ्यक्रमको उपयोग गर्ने परिपाटी निर्माण हुने देखिन्छ ।

***सैद्धान्तिक तथा व्यावहारिक ज्ञान***

शिक्षकहरूमा पाठ्यक्रम उपयोगको सैद्धान्तिक तथा व्यावहारिक ज्ञानको आवश्यक देखिन्छ । पाठ्यक्रमका बारेमा शिक्षकहरू अस्पष्ट छन् । पाठ्यक्रमले निर्दिष्ट गरेका क्षेत्रहरू तहगत तथा कक्षागत सक्षमता, शिक्षण प्रक्रिया, सामग्री, मूल्याङ्कन पद्धति, एक्काइसौँ शताब्दिका व्यवहार कुशल तथा विषयगत सिप लगायतका कुराबारे शिक्षकहरू अनभिज्ञ (भुसाल, २०८०) छन् । शिक्षण सिकाइ कार्यक्रममा यसको प्रयोग गर्ने अवस्था, यसको व्यापकताका बारेमा शिक्षकहरू स्पष्ट देखिँदैनन् । उनीहरूको भूमिका पनि पाठ्यक्रमप्रति पूर्वाग्रहयुक्त छ । शिक्षकको भूमिका र सक्षमता पाठ्यक्रम कार्यान्वयनमा मुख्य पक्ष हो (न्नाबुइके, अनेकी र अटेग्बुदलु, सन् २०१६, पृ.४४) । यसका उद्देश्य, यसले निर्धारण गरेको विषयवस्तुको क्षेत्रका सम्बन्धमा सैद्धान्तिक ज्ञान शिक्षकहरूमा आवश्यक छ । शिक्षकले विशेषज्ञता, व्यवस्थापन भूमिका, साधन तथा स्रोत र सिकाइको सहजकर्ताको भूमिका निर्वाह गरी पाठ्यक्रम कार्यान्वयनमा भूमिका खेल्छन् (हेज, सन् २००१, पृ. २६-३६) । शिक्षकले पर्याप्त प्रशिक्षण र व्यावसायिक विकासका अवसरहरू नपाउँदा पाठ्यक्रमको सफल कार्यान्वयनमा बाधा पुगेको देखिन्छ । यसर्थ ज्ञानलाई व्यावहारिक रूपमा उपयोग गर्न, पाठ्यक्रमले निर्दिष्ट गरेको विषय क्षेत्रलाई कार्यकलापमा समेट्न सक्ने ज्ञान तथा सिप शिक्षकमा रहनु पर्छ ।

नेपाली भाषा शिक्षकहरू पाठ्यक्रमको सैद्धान्तिक पक्षबारे जानकार रहे तापनि यसको व्यावहारिक प्रयोगमा अपस्ट छन् । पाठ्यपुस्तक उपलब्ध भएपछि पाठ्यक्रम चाहिँदैन, सबै कुरा पाठ्यपुस्तकमा छँदैछ भन्ने गलत धारणा उनीहरूमा देखिन्छ । पाठ्यक्रमको सहज उपलब्धता हुँदाहुँदै पनि यसको बेवास्ता गरिनु यसैको परिणाम हो । पाठ्यक्रमको प्रयोग गर्ने अवस्था, प्रक्रिया तथा तरिकाबारे शिक्षकहरूमा आवश्यक ज्ञान हुनुपर्ने देखिन्छ । यसको सही प्रयोगबाट मात्र भाषा सिकाइका लक्ष्य हासिल हुने कुरामा शिक्षकहरू स्पष्ट बन्न जरुरी रहेको छ ।

***पाठ्यक्रम उपयोगमा नीतिगत सुधार***

पाठ्यक्रमको सहज उपलब्धता र यसको प्रभावकारी प्रयोगका लागि नीतिगत सुधार आवश्यक छ । सर्वप्रथम पाठ्यक्रमहरूको निर्माण गरी छापिएका कपीका साथै विद्युतीय कपीको सहज उपलब्ध हुने अवस्था निर्माण गर्न आवश्यक छ । पाठ्यक्रम शिक्षकलाई निशुल्क वितरण गरी शैक्षिक सत्रको सुरुमा अनिवार्य रूपमा प्रबोधीकरण तालिम दिने सम्बन्धी नीति बनाउनु पर्छ । यसको कार्यान्वयन कसरी र कुन प्रकारले ल्याउने भन्ने विषयमा शिक्षक स्पष्ट हुने परिपाटी स्थापित गरिनु पर्छ । पाठ्यक्रम बनाइदिएर मात्र भएको छैन, यसको उपयोग गर्ने प्रक्रियालाई नीतिगत रूपमा स्पष्ट बनाइन आवश्यक छ । शैक्षिक कार्यक्रममा पाठ्यपुस्तक लगायत पाठ्यसामग्री सहयोगी साधनका रूपमा उपयोगमा ल्याउने हो । पढाउनु पर्ने पाठ्यक्रम हो तर यसो हुन सकेको छैन । यसका लागि निर्धारित पाठ्यक्रमको योजनाबद्ध कार्यान्वयन गरिनु पर्ने नीतिगत सुधार (फ्लेक, सन् २०१७, पृ.८३) आवश्यक छ । पोखरेल (२०८०) ले सरकारी निकायको कमजोर समन्वय तथा फितलो निरीक्षण तथा अनुगमनका कारण पाठ्यक्रम कार्यान्वयनमा समस्या भएको देखेका छन् । यसप्रकार नीतिगत रूपमा रहेको कमजोरी र अपूरा पक्षमा सुधार तथा परिमार्जन गरी सहज र अनिवार्य रूपमा पाठ्यक्रम उपयोग गर्ने वातावरण तयार गर्नुपर्छ । सरकार, राज्य पक्ष तथा शिक्षा हेर्ने निकायद्वारा शिक्षकहरूसँग भएका नयाँ दृष्टिकोणहरू, शिक्षण रणनीतिहरू र सामग्री अद्यावधिक गर्ने गरी पाठ्यक्रम प्रयोग गरिनु पर्ने नीतिगत योजना बनाउनु पर्ने देखिन्छ ।

पाठ्यक्रमको उपयोग गर्ने विद्यमान पद्धतिलाई सुधार्ने मुख्य उपाय नीतिगत सुधार हो । शिक्षकहरूले पाठ्यक्रमको उपयोग गर्ने कुरालाई बेवास्ता गर्नु, विद्यालयमा यसको उपलब्ध गराउने कुरालाई ऐच्छिक मान्नु, कुन अवस्थामा र कसरी प्रयोग गर्ने भन्ने कुरा व्यावहारिक रूपमा स्पष्ट नहुनु जस्ता कमजोरीलाई नीतिगत रूपमै सुधार गर्न सकिन्छ । पाठ्यक्रम निर्माण गरेर मात्र हुँदैन, यसको कार्यान्वयनका चरणगत प्रक्रियालाई विधिसम्मत रूपमा स्पष्ट बनाइनु पर्छ । यसरी नीतिगत रूपमा स्पष्ट भई कार्यान्वयनका प्रक्रिया अघि बढाउन आवश्यक रेहेको छ ।

## निष्कर्ष

यस अध्ययनमा नेपाली भाषा शिक्षकहरूबाट शिक्षण सिकाइमा पाठ्यक्रमको प्रयोग सम्बन्धमा दृष्टिकोण लिई तिनको अध्ययन गरिएको छ । यसमा कक्षा अवलोकनलाई शिक्षकहरूसँग छलफल गर्ने आधारका रूपमा लिइएको छ । कक्षा अवलोकनका आधारमा गरिएको शिक्षकसँगको अन्तर्वार्ताबाट नेपाली भाषा शिक्षण सिकाइमा पाठ्यक्रम कार्यान्वयनको अवस्था, यसका समस्या तथा चुनौती र तिनको समाधानबारे ठोस निष्कर्ष प्राप्त गरिएको छ । उनीहरूका धारणाका आधारमा निर्माण गरिएको पाठ्यक्रमलाई सफल कार्यान्वयनमा ल्याउने मार्ग पनि पहिल्याइएको छ । शिक्षण सिकाइको मुख्य आधार पाठ्यक्रम भए तापनि सहभागी शिक्षकहरूले पाठ्यपुस्तकलाई मात्र आधार मानेका छन् । उनीहरू पाठ्यक्रमको महत्त्वबारे सैद्धान्तिक रूपमा जानकार छन् तर पनि विद्यमान परिपाटी, वातावरण, शिक्षण सामग्रीको अपर्याप्तता, पाठ्यपुस्तक नै पर्याप्त हुने जस्ता कारण दर्साउँदै यसलाई बेवास्ता गरिएको छ । यसबाट भाषा शिक्षण सिकाइ उद्देश्यपूर्ण हुन सकेको देखिँदैन । भाषा सिकाइ परीक्षामुखी तथा उत्तीर्ण बनाउने र बन्ने सोचबाट ग्रसित छ । यसका लागि जिम्मेवार निकायको नीति परिवर्तन, नवप्रवर्तनात्मक प्रविधिहरू, विश्वव्यापीकरण र बसाइँसराइ वा आप्रवासी मुद्दा (आयडिन, ओजफिदान र कारोथेर्स, सन् २०१७, पृ.७६) लगायतका पाठ्यक्रम कार्यान्वयनमा प्रभाव पार्ने पक्षहरूको पहिचान गरी तिनको समाधान खोजेर पाठ्यक्रमको प्रभावकारी उपयोग हुने परिपाटी निर्माण गरिनु पर्ने देखिन्छ ।

भाषा शिक्षण सिकाइमा सहभागी शिक्षक तथा विद्यार्थीबाट तार्किक रूपमा मात्र नभई भावनात्मक र नैतिक रूपमा पाठ्यक्रम उपयोगमा गर्न आवश्यक (ओहोन्डा र अमाडियोहा, सन् २०१८, पृ.१०८) रहने कुरामा शिक्षक स्पष्ट हुनु पर्ने देखिन्छ । यसका लागि शिक्षकलाई तालिम र प्रोत्साहन दिने, यसको निरन्तर अनुगमन सुपरीवेक्षण समेत गरिनु पर्छ । यसको प्रभावकारी उपयोगका लागि शिक्षक, विद्यार्थी लगायत शिक्षासँग सम्बन्धित व्यक्ति तथा निकायहरूका बिच सहकार्य समेत हुन जरुरी देखिएको छ । उक्त सहकार्यबाट विद्यालयको भौतिक, प्रशासनिक तथा शैक्षिक विकासमा टेवा पुग्ने अवस्था सिर्जना गराउन सकिन्छ । विद्यालय शिक्षाक्षेत्रसँग सम्बन्धित पक्षहरूका बिच आपसमा निरन्तर सहयोग, शिक्षकहरूमा पेसागत दक्षताको विकास, तालिमा अवसर र पाठ्यक्रम प्रयोगमा स्पष्ट दिशानिर्देशन तथा नीतिगत सुधार गरिएको खण्डमा नेपाली भाषा सिकाइका सन्दर्भमा पाठ्यक्रमको प्रभावकारी उपयोग हुने अपेक्षा राखिएको छ ।

## कृतज्ञता ज्ञापन

प्रस्तुत लेख त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायमा विद्यावारिधि अध्ययनको विषयक्षेत्रसँग सम्बन्धित रहेको छ । विद्यावारिधि अध्ययनका क्रममा आर्थिक सहयोग अनुसन्धान वृत्ति प्रदान गरी अनुसन्धान कार्यलाई सहज र प्रभावकारी बनाउन सहयोग गरी आन्तरिक रूपमा अभिप्रेरित गर्ने विश्वविद्यालय अनुसन्धान आयोग, यस संस्थाका अध्यक्ष र कर्मचारीहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

## सन्दर्भसामग्री

अधिकारी, युवराज (२०७६, कात्तिक). पाठ्यक्रमको महत्त्व र प्रयोग विधि. शिक्षक मासिक । https://shorturl.at/C4Tck

आयडिन/Aydin, H., Ozfidan, B., & Carothers, D. (2017). Meeting the challenges of curriculum and instruction in school settings in the United States. *Journal of Social Studies Education Research*, *8*(3), 76-92.

इन्डियाना डिपार्टमेन्ट अफ एजुकेसन/Indiana Department of Education. (2010). *Definition of terms*. Indiana Accountability System for Academic Progress. Retrieved from http://www .doe.in.gov/asap/definitions.html

इफियोक/Ifioke P.O (2012). *Practicing teaching*, Kano Danladi Press.

उग्वु/Ugwu, C. N. and Eze V. H. (2023). Qualitative research. *IDOSR Journal of Computer and Applied Sciences*, *8*(1), 20-35.

ओकिबुकोला/Okebukola, P. (2005). The teacher: A basic fundamental unit in national development. *The teacher a book of readings*.

ओहोन्डा/Owhonda, N. M., & Amadioha, S. (2018). Strategies of Curriculum Implementation in Nigeria: Rivers State Experience. *Universal Journal oF Humanities, Physical, Social And Management Sciences, 11*(3), 107-114.

क्रेसबेल/Creswell, J. W. (2013). *Qualitative inquiry & research design* (3rd ed.). Thousand Oaks, CA: Sage.

क्रेसबेल/Creswell, J., & Poth, C. (2016). *Qualitative inquiry and research design: Choosing among five approache*s (4th ed). Sage.

घोडाशैनी, खगेन्द्र (सन् जुन 22, 2020). भाषा शिक्षण. (visit: May 9, 2024). https://ghodasainik.blogspot.com/2020/06/blog-post_60.html

चौधरी/Chaudhary, G. K. (2015). Factors affecting curriculum implementation for students. *International Journal of Applied Research*, *1*(12), 984-986.

टायलर/Tyler, R. W. (1957). The curriculum-then and now. *The Elementary School Journal*, 57(7), 364-374.

टायलर/Taylor, S. J., Bogdan, R., & DeVault, M. L. (2015*). Introduction to qualitative research methods: A guidebook and resource*. John Wiley & Sons.

टोमास्जेव्स्की/Tomaszewski, L. E., Zarestky, J., & Gonzalez, E. (2020). Planning qualitative research: Design and decision making for new researchers. *International Journal of Qualitative Methods*, *19*. 1609406920967174

न्नाबुइके/Nnabuike, E. K., Aneke, M. C., & Otegbulu, R. I. (2016). Curriculum implementation and the teacher: Issues, challenges and the way forward. *International Journal in Commerce, IT & Social Sciences*, *3(*6), 41-48.

नेअरी/Neary, M. (2002). *Curriculum studies in post-compulsory and adult education: a study guide for teachers and student teachers*. Nelson Thornes.

पोखरेल, हरिप्रसाद (२०८०, असार ३०). पाठ्यक्रम कार्यान्वयनमा उल्झन. सेतोपाटी. https://www.setopati.com/blog/243157

पौड्याल, अनन्तकुमार (२०७९, जेठ १२).विद्यार्थी मूल्याङ्कनलाई कार्यविधिबाट व्यवस्थित बनाऔँ. इडुपत्र. https://shorturl.at/IDpBU

फ्लेक/Flake, L. H. (2017). A look at the relationship of curriculum and Instruction and the art and science of teaching. *Asian Journal of Education & Training*, *3*(2), 82-85.

फिनेक्स/Phenix, P. (1962). The disciplines as curriculum content. In A. H. Passow (Ed.), *Curriculum crossroads* (pp. 227-245). Teachers College Press.

बबिट/Bobbitt, F. (1918). *The curriculum*. Boston: Houghton Mifflin.

भुसाल, प्रेमनारायण (२०८०, बैशाख ८). पाठ्यक्रम नयाँ, क्रियाकलाप पुरानै. गोरखापत्र. https://gorkhapatraonline.com/news/61705

मरियम/Merriam, S. B., & Tisdell, E. J. (2015). *Qualitative research: A guide to design and implementation*. John Wiley & Sons.

रासिद/Rashid, M. A. U. H., & Zaman, S. (2018, February). Effects of teacher's behavior on academic performance of students. In *3rd International Conference on Research and Practices in Education*, *1*, 1-15.

लुनेन्वर्ग/Lunenburg, F. C. (2011). Theorizing about curriculum: Conceptions and definitions. *International journal of scholarly academic intellectual diversity, 13*(1), 1-6.

शटस/Shutes, R., & Petersen, S. (1994). Seven reasons why textbooks cannot make a curriculum. *NASSP Bulletin*, *78*(565), 11-20.

हेज/Hedge, T. (2001). *Teaching and learning in the language classroom* (Vol. 106). Oxford: Oxford university press.i94